# जिराभवानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा

प्रदेश नं. २, नेपाल


जिराभवानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेढवा, पर्सा प्रदेश नं. २, नेपाल

पत्र संख्याः - २०७८/०७९

चलानी नं. १४

मितिः २०७८/०४/०५ गते

**विषय : -सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।**

श्री वडा कार्यालय, (सबै)

जिराभवानी गाउँपालिका, पर्सा ।

उपर्युक्त सम्बन्धमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ६१ मिति २०७८/०४/०३ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणका लागि निवेदन दिनुपर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बक्तब्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्तभित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्न हुन भनी जानकारी भएकोले यस जिराभवानी गाउँपालिकाका सबै वडा कार्यालयले नवीकरण गरी निम्न अनुसार गर्न हुन अनुरोध छ ।

**निम्न**

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको स्वयं उपस्थित भई भद्र मसान्त भित्र नवीकरण गरिसक्ने ।

२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।

३. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ,

४. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्न भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोहि दिन दर्ता गराउने व्यवस्था गर्ने ।

Mehulu
2078/04/05

प्राण मेहता

प्रमुख प्रशासकीय अधिकृत